PRABHU BANK

# कार्यकारी प्रमुख अधिकृतको नियुक्ती सम्बन्धी प्रेस विज्ञप्ती :

मिति २०७१ माघ १६ गते सम्पन्न प्रभु बैंक लिमिटेडको सञ्चालक समितिको १९औं बैठकको निर्णय अनुसार निमित्त प्रमुख कार्यकारी अधिकृतमा कार्यरत श्री अशोक शेरचनलाई मिति २०७१ माघ १८ गतेदेखि लागू हुने गरी बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरिएको छ । १९ वर्ष भन्दा बढि अवधिको बैंकिङ्ग अनुभव संगाल्नुभएका श्री अशोक शेरचनले प्रभु विकास बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको रुपमा कुशलतापूर्वक नेतृत्वदायी भुमिका निर्वाह गरिसक्नु भएको छ । उहाँ २०७० माघ महिनादेखि नायब प्रमुख कार्यकारी अधिकृतको रुपमा तत्कालिन किष्ट बैंक लिमिटेडमा प्रवेश गर्नु भएको थियो ।

प्रभु बैंक लिमिटेडको मर्जरको क्रममा उल्लेखनीय भुमिका निर्वाह गर्नुभएका श्री अशोक शेरचनले मिति २०७१ कार्तिक ४ गतेदेखि निमित्त प्रमुख कार्यकारी अधिकृतको रुपमा जिम्मेवारी बहन गर्दै आउनु भएको थियो । २०७१ आश्विन मसान्तसम्म रु. ११ करोड घाटामा रहेको प्रभु बैंकले उहाँको सफल नेतृत्वको कारण २०७१ पौष मासन्तमा रु. ५४ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ । निमित्त कार्यकारी प्रमुख अधिकृतको रुपमा कार्यरत रहँदाको कार्यकौशलतालाई मुल्याँकन गर्दै बैंकको सञ्चालक समितिले उहाँलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्ती गरेको हो । उहाँको नेतृत्वमा बैंकलाई थप सफलता प्राप्त हुने सञ्चालक समितिले विश्वास लिएको छ ।

११२ शाखा सञ्जाल, १०८ वटा ए.टि.एम. मार्फत् देशभर बैंकिङ्ग सेवा प्रदान गरिरहेको प्रभु बैंक लिमिटेडको २०७१ पौष मसान्तको वित्तीय विवरण अनुसार अधिकृत पूँजी रु. १० अर्ब जारी तथा चुक्ता पूँजी रु. ३ अर्ब २० करोड ८८ लाख ८५ हजार रहेको छ । प्रभु बैंक लिमिटेडले उक्त अवधि सम्ममा रु. ३३ अर्ब १६ करोड निक्षेप संकलन एवं २७ अर्ब २० करोड कर्जा प्रवाह गरी रु. ५४ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ । २०७१ आश्विन मसान्तसम्म १५.६५ प्रतिशतमा रहेको बैंकको खराब कर्जा २०७१ पौष मासन्तमा १०.८६ प्रतिशतमा झरेको छ ।

धन्यवाद !

मिति २०७१/१०/१८ गते